# प्रेस विज्ञप्ति

मिति : २०८२/०५/११

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक दैनिक पत्रिकामा प्रकाशित एउटा समाचारसँग सम्बन्धित अडियोको श्रोत, अडियो उपलब्ध गराउने व्यक्तिको नाम र सम्पर्क नम्बर समेत उल्लेख गरेर अडियो उपलब्ध गराउन गरेको पत्राचारप्रति यस मिडिया अलाइन्स नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

आर्थिक दैनिकले ११ असार २०८२ मा प्रकाशन गरेको 'सामान्य प्रशासन मन्त्री गुप्ताद्धारा लाखौको घुस लेनदेन गरेको भन्दै अख्तियारमा उजुरी' शीर्षकको समाचार र १८ साउन २०८२ मा प्रकाशन गरेको '७० लाख घुसकाण्डमा मुछिएका मालपोत प्रमुख पौडेललाई मन्त्री अधिकारी र सचिवको संरक्षण' भन्ने समाचारसँग सम्वन्धित अडियोको प्राप्तिको श्रोत, अडियो उपलब्ध गराउने व्यक्तिको नामथर, सम्पर्क नम्बर र प्राप्त भएको मितिसमेत उपलब्ध गराउन भनी अख्तियारले पत्राचार गरेको पाइएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको यो पत्राचार नेपालको संविधान, प्रचलित कानुन र प्रचलित पत्रकार आचारसंहिता समेतको विपरित छ । समाचारको गोप्य श्रोतको संरक्षण गर्नु पत्रकार र सञ्चारमाध्यमको कर्तव्य हो । सूचना प्रदान गर्ने श्रोतको गोपनियताको रक्षा गर्नु पत्रकार र संचारमाध्यमको परम कर्तव्य हो भन्ने तथ्य नभूल्न हामी अपिल गर्दछौं ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वतन्त्र पत्रकारिताको संवैधानिक मर्मविपरित आर्थिक दैनिकलाई गोप्य समाचारको श्रोतका सम्पूर्ण विवरण उपलब्ध गराउन गरेको यो पत्राचार तत्काल फिर्ता लिन, आइन्दा संचारमाध्यमसँग यस्ता पत्राचार गरी गोप्य श्रोत खोल्न दवाव नदिन हामी आग्रह गर्दछौं ।

अलाइन्सको यो आग्रहलाई वेवास्ता गरी पटक पटक संचारमाध्यममाथि संवैधानिक अंगबाटै दवाव दिने काम जारी रहेमा कानुनी लगायतका आवश्यक उपचार खोज्न बाध्य हुने व्यहोरा पनि जानकारी गराउँछौं ।

साथै सञ्चारमाध्यमहरुलाई सूचना पाउँने जनताको अधिकारमा कुनै पनि शक्ति र सरकारका अंग तथा निकायसँग नझुक्न र दवावमा नपरी भयरहित ढंगले प्रचलित पत्रकार आचारसंहिताको परिधिभित्र रहेर समाचार संप्रेषण गर्न आह्वान पनि गर्दछौं ।

MEDIA ALLIANCE NEPAL

भाष्कर राज राजकर्णिकार
अध्यक्ष

977 9851021283
977 9851021700
Kathmandu, Nepal
www.eknepal.com
mediaalliancenepal@gmail.com